## म एउटा निर्जीव लाश

शायद म एउटा निर्जीव लाश हुँ
चेतना शून्य
संवेदना शून्य
जति टोके पनि
जति चिमोटे पनि मलाई दुख्दैन ।

मलाई तिम्रा नाराका अक्षरहरूले
ब्यूझाउँदैनन्,
म यति बहिरो भै'सकेको छु
तिम्रो महान् भन्दा महान् वाक्यहरूले पनि
मलाई प्रेरित गर्दैनन्,
जति चर्को स्वरमा भित्तै हल्लने गरी
तिमीले नगरा बजाए पनि
म भित्रको सुषुप्त मान्छे ब्यूँझदैन ।

तिमी रङ्गहरूले भित्ता रँगाउँछौ
आक्रोशयुक्त भाषामा
सडकका पेटीहरू बहसले उचाल्छौ
टुँडिखेलका मैदानहरूमा भाषण कुर्लन्छौ
तिम्रो भाषण सुनिसकेपश्चात् पनि
आफन्तको मोहमा फँसेको
मेरो अज्ञानी मन
युद्धदेखि विरक्तिएको
सङ्ग्राम देखि हच्किएको
धनु उठाउन स्वीकार गर्दैन
युद्धक्षेत्रमा जान तत्पर हुँदैन
मलाई तिम्रो नाराले छुँदैन ।

शायद म एउटा निर्जीव लाश हुँ
चेतनाशून्य
संवेदनाशून्य ।

६ ६ ६